# आवधिक विकास योजना

## (आर्थिक वर्ष २०७८/७९–२०८३/८४)




# चौकुने गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## गुटु, सुर्खेत

## कर्णाली प्रदेश

**आवधिक विकास योजना (आर्थिक वर्ष २०७८/७९–२०८३/८४)**

**प्रकाशक**
चौकुने गाउँपालिका
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
ईमेल: *chaukunegapa@gmail.com, ito.chaukunemun@gmail.com*
वेवसाईट: *www.chaukunemun.gov.np*

***सहयोग***
*वेलायतीसहयोगनियोग (Foreign, Commonwealth and Development Office)/समुन्नति(Economic Policy Incubator) काठमाडौं*

# चौकुनेगाउँपालिका

## गाउँकार्यपालिकाकोकार्यालय, गुटु

**सुर्खेत, कर्णाली प्रदेश**

## प्रकाशकीय

स्थानीयतहका सरकारको रुपमा गाउँपालिकाले लिएका आर्थिक सामाजिक विकासका लक्ष हासिल गर्न तर्जुमा गरिएका वार्षिक योजना र स्रोत अनुमानबीच तालमेल हुन नसक्दा कार्यान्वयन सम्बन्धी प्रशस्त कमजोरीहरु देखापरेका छन । हाम्रा विकास आवश्यकतालाई क्रमिकरुपमा कार्यान्वयनमा लैजान आवश्यक सोच, लक्ष, रणनीति तथा नीतिहरुको कार्यान्वयनका लागि तयार गरिने कार्यक्रम तथा योजनाहरुको प्राथमिकता र स्रोत विनियोजन व्यवस्था बारे स्थानीय बासिन्दालाई सजिलो गरी बुझाउन पनि सकिएको छैन । योजनासम्बन्धी बिगतका कमजोरी हटाउँदै समग्र विकासलाई निर्देशित गरी जवाफदेहिता वहन गर्न सक्षम हुने विश्वासका साथ गाउँपालिकाले पहिलो आवधिक योजना तर्जुमा गरेको हो । यसको कार्यान्वयनमा सबै वर्ग, क्षेत्र, समुदायबाट सहयोगको अपेक्षा गर्दछु ।

आवधिक योजना कार्यान्वयनमा सङ्घीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति र स्थानीयतहहरुबाट समन्वय रसहयोगको ठूलो भूमिका रहेकोले अपेक्षा लिएको छु । योजना दस्तावेज तयारीका क्रममा विभिन्न चरणमा भएका सहभागितामूलक छलफल, कार्यशाला लगायत सूचना सङ्कलन तथा विश्लेषण सम्बन्धी काममा सहयोग पुर्याउनु भएका गाउँकार्यपालिकाका सदस्यहरु, कर्मचारी, नागरिक समाज सबैमा धन्यवाद दिन चाहन्छु । सिमीत विशेषज्ञीय क्षमता भएको गाउँपालिकामा आवधिक योजना तर्जुमाका लागि आवश्यक Digital गाउँवस्तुगत विवरण तयारी र सोको आधारमा आवधिक योजना तर्जुमाका लागि विशेषज्ञीय सेवा र सहयोगका लागि वेलायती विकास सहयोग नियोग (Foreign, Commonwealth Development Office, UK)र समुन्नति (Economic Policy Incubator) परिवारलाई धन्यवाद दिन चाहन्छु ।

धिर बहादुर शाही
अध्यक्ष

# विषयसूची

*परिच्छेद एक* ........ *1*
*परिचय* ........ *1*
१.१ पृष्ठभूमि ........ 1
१.२ चौकुने गाउँपालिकाको वर्तमान अवस्था ........ 2
१.३ आर्थिक सामाजिक विकासको अवस्था ........ 3
१.४ चौकुनेको विकासको समीक्षा ........ 5
१.५ आवधिक योजना तर्जुमा प्रकृया ........ 7
१.६ परिसीमन तथा आशङ्का ........ 7
*परिच्छेददुई* ........ *9*
*आवधिक विकास योजना* ........ *9*
२.१ पृष्ठभूमि ........ 9
२.२ सम्भावनार अवसर विश्लेषण ........ 9
२.३ समस्या विश्लेषण ........ 11
२.४ मूख्यमूख्य चुनौतीहरु ........ 20
२.५ दीर्घकालिन सोच ........ 20
२.६ लक्ष्य ........ 21
२.७ परिमाणात्मक लक्ष्य ........ 21
२.८ प्रमुख रणनीति ........ 22
२.९ प्रमुख विकास नीति ........ 23
२.१० आवधिक योजनाको प्राथमिकता क्षेत्र ........ 23
२.११ वित्तीय व्यवस्थापन ........ 23
२.१२ चालु र पूँजीगत खर्च ........ 25
२.१३ खर्चको क्षेत्रगत बाँडफाँट ........ 27
२.१४ खर्च व्यहोर्ने स्रोतहरू ........ 27
२.१५ बहुपक्षीय स्रोत परिचालन ........ 28
*परिच्छेदतीन* ........ *30*
*विषयक्षेत्रगत योजना* ........ *30*
३.१ आर्थिक विकास ........ 31
३.२ सामाजिक विकास ........ 38
३.३ पूर्वाधार विकास ........ 45
३.४ वन, वातावरण तथा विपद् व्यवस्थापन ........ 50
३.५ संस्थागत विकास तथा सुशासन ........ 53
३.६ स्थानीय गौरवका आयोजना ........ 57
*परिच्छेदचार* ........ *58*
*योजना कार्यान्वियन, अनुगमनतथा मूल्याङ्कन* ........ *58*
४.१ योजना कार्यान्वयन ........ 58
४.२ अनुगमन ........ 59
४.३ समीक्षा तथा प्रगति प्रतिवेदन ........ 60
४.४ आवधिक योजनाको मूल्याङ्कन ........ 60

# तालिकासूची


तालिका नं. १ : घरधुरी तथा जनसङ्ख्या विवरण.........................................................३

तालिका नं. २-६:विकास क्षेत्रका समस्या र समाधानका रणनीति तथा कार्यक्रम................४

तालिका नं. ७: आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य.....................................२१

तालिका नं. ८:योजना अवधिमा उपलब्ध हुने आय प्रक्षेपण...........................................२४

तालिका नं. ९:चालु र पूँजीगत खर्च......................................................................२६

तालिका नं. १०: खर्चको क्षेत्रगत अनुपात वितरण.........................................................२७

तालिका नं. ११:खर्चको प्रकृति ..........................................................................२९

तालिका नं.१२: स्थानीय गौरवका आयोजना..............................................................५७

# परिच्छेद एक
# परिचय

## १.१पृष्ठभूमि

राज्यको सङ्घीय संरचनामातीनतहका सरकारहरुको संवैधानिक परिकल्पना अनुरुप निर्वाचित स्थानीय तहहरु स्थानीय जनता प्रति जवाफदेहीताका साथ स्थानीय शासन प्रवर्द्धनका सम्बाहक बनेका छन् । आफ्ना अधिकारक्षेत्र भित्रका आधारभूतसेवा प्रवाहगरीजनताको मौलिकहकहरुको कार्यान्वयन र आर्थिक सामाजिक जीवनस्तर सुधार गर्ने अभिभारा पनि यी संस्थामा रहेकोछ। यसका लागि आवश्यक स्थानीय नीति तथा कानून निर्माण गर्दै सामाजिक आर्थिक विकासका बहुआयामिक,दीर्घकालिन तथा मध्यम अवधिकाआर्थिक योजनाहरु तर्जुमा गर्ने रयोजनाकार्यान्वयन तथा अनुगमनको व्यवस्थाकालागि पनि यी जिम्मेवार छन । राज्यको शासकीयस्वरुप र प्रणालीमा आएको परिवर्तनअनुसार स्थानीय तहले आफ्नो शासकीय पद्धति स्थापित गर्दैजानु पर्ने भएकोले पनि निर्वाचितप्रतिनिधिकालागि यी जिम्मेवारी अवसररचुनौतीदुवैहुन ।

आवधिकविकासयोजनानिश्चितअवधिभित्रविकासकानिर्दिष्टलक्ष्यतथाउद्देश्यहासिलगर्नश्रोतकोविवेकपूर्णपरिचालनगरीव्यवस्थिततवरलेतयारगरिएकोक्रियाकलापहरुकोशिलशिलावद्धप्रारुपहो।यसप्रारुपलेनिश्चितअवधिभित्रहासिलगर्नेलिइनेलक्ष्य,रणनीति,नीतितथाआर्थिकविकासकाकार्यक्रमरकार्यान्वयनगर्नकालागिचाहिनेस्रोतसाधनकोव्यवस्था, अपेक्षितनतिजासहितअनुगमनतथामुल्याङ्कनयोजनालाईसमावेशगरेकोहुन्छ।आवधिकविकासयोजनालेस्थानीयविकासप्रकृयालाईव्यवस्थिततथाअनुशासितबनाउँछ।

योजनाबद्ध विकासगरी गाउँपालिका समृद्ध बनाउने लक्षचौकुने गाउँपालिकाको स्थानीय नीतिहरुमा प्राथमिकता साथ उल्लेख गरिएको छ । आर्थिक रणनीतिहरुकोमाध्यमले उच्चतम आर्थिक वृद्धिदर हासिल गर्दै अन्तरस्थानीय तहस्तरको प्रतिस्पर्धामा अगाडी बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरुप पारदर्शी, जवाफदेहीपूर्ण तथा विश्वसनिय बनाउनु पर्नेहुन्छ । यसका लागि योजनाबद्ध विकासको परिपाटी अबलम्बन गर्दै स्रोत परिचालन तथा जनताको आवश्यकताको प्राथमिकीकरण गरिनुपर्छ ।कर्णाली प्रदेशको प्रथम आवधिक योजनाले(आधारपत्र २०७६/ ७७ -२०८०/८१) आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट निर्माण र कार्यान्वयनचरणमा एकरुपता तथा समन्वय कायम गर्ने नीति लिएको छ ।पन्ध्रौं योजनाले(२०७६/ ७७ -२०८०/८१)राष्ट्रिय सोचरलक्ष्य हासिलहुनेगरीसङ्घ, प्रदेशरस्थानीयतहमासमन्वयात्मक, नतिजामुखीरसबलयोजना तर्जुमा पद्धतिको विकास गर्ने उद्येश्य राखेको छ ।

यस पृष्ठभूमिमा चौकुने गाउँपालिकाले उपलब्ध साधन स्रोतको उपयोग र योजना अनुशासन कायम गर्दै दिगो विकासका लक्ष्य हासिलगर्नका लागि आवधिकयोजना तर्जुमा गरी कार्यान्वयनमा लैजानु अपरिहार्य भएको छ। यो आवधिक योजना तयार गरिदा राष्ट्रिय योजना आयोग, कर्णाली प्रदेश योजना आयोग द्वारा प्रतिपादित मूलभूत लक्ष तथा योजना तर्जुमाका आधारभूत मान्यताहरुको अनुसरण गरिएको छ । गाउँपालिकस्तरको स्थानीय बुझाइ, स्थानीय खाँचो, सानो परिमाणको आर्थिक स्रोत र सिमीत कार्यान्वयन क्षमतालाई यो आवधिक योजनाले प्रतिनिधित्व गर्नुपर्छ भन्नेमान्यता राखिएको छ । योजना दस्तावेजस्थानीयबासिन्दाले सजिलै बुझ्न सकुन र आर्थिक सामाजिक विकासका नतिजाउन्मुख योजना तथा

कार्यक्रमहरुको परिणाम र परिमाण, लगानी, कार्यान्वयन हुने समय र प्राथमिकता सन्दर्भहरु एकैठाउँमा हेर्नसकुन भन्ने उद्दयेश्यले अनुसूची रहित बनाइएकोछ । योजना सम्बन्धित सैद्धान्तिक पक्षको विस्तृत विवेचना र विस्तारित आर्थिक प्रक्षेपण नगरी गाउँपालिकालाई खाँचो रहेका विषयहरुमा केन्द्रित यस्लाई आर्थिक रणनीतिक दस्तावेजको रुपमा तयार गरिएको छ ।

## १.२ चौकुने गाउँपालिकाको वर्तमान अवस्था

### १.२.१ अवस्थिति

चौकुने गाउँपालिका कर्णाली प्रदेश, सुर्खेत जिल्लाको दक्षिण पश्चिम क्षेत्रमा अवस्थित छ ।चौकुनेक्षेत्रआर्थिकसम्मृद्धिकादृष्टिलेरणनीतिकअवस्थितिर प्राकृतिकश्रोतउपलब्धताकाकारणविकासकोउच्चसम्भावनाबोकेकोक्षेत्रकोरुपमारहेकोछ।पूर्वपश्चिमलोकमार्ग (कर्णाली चिसापानी )सँगकोभौगोलिकनिकटता, कर्णालीकरिडोरसँगकोआवद्धतातथाकर्णालीलोकमार्गमासरलपहूँचकाकारणयो क्षेत्र आर्थिककेन्द्रको रुपमाविकसितहुँदैगइरहेकोछ।कर्णालीतथाभेरीनदीको यस तटीयक्षेत्रमादर्जनौबाह्रै महिनापानी चल्नेखोलानाला, उर्वरजमिन, चुनढुङ्गातथाबालुवाजस्ताखनिजकोप्रशस्तभण्डाररआर्थिकरुपले उत्पादनशीलजङ्गलरहेकोछ।चौकुने गाउँपालिका साविकका लगाम, बेतान, बिजौरा, गुटु र घाटगाउँ गरी पाँचवटा गाउँ विकास समितिहरु गाभिएर बनेको हो । गाउँपालिकालाई दशवटा वडामा विभाजन गरिएको छ । भित्री तराईदेखि महाभारत श्रृङ्खलासम्मको भूभाग समेटिएको चौकुने गाउँपालिकाको पूर्वी सिमामा पञ्चपुरी नगरपालिका, दक्षिणमा कैलाली जिल्लाको मोहन्याल गाउँपालिका, पश्चिममा डोटी जिल्लाको बोगटान फुडसिल गाउँपालिका र उत्तरमा अछाम जिल्लाको ढकारी गाउँपालिकार तुर्माखाँद गाउँपालिकाहरु रहेका छन । चौकुने गाउँपालिका क्षेत्र समुन्द्र सतहदेखि २१६ मिटर (कर्णाली र भेरी दोभान) देखि १६५५ मिटर (लगाम डाँडा) सम्मको उचाईमा अवस्थित छ ।गाउँपालिकाको चुरेक्षेत्रमा उष्ण तथा महाभारत क्षेत्रमा समशितोष्ण हावापानी रहेको छ। गर्मीयाममा तापक्रम अधिकतम ३६ डिग्री सेल्सियस र जाडोमा न्यूनतम ७ डिग्री सेल्सियस हुने गर्दछ ।

### १.२.२ प्राकृतिक सम्पदा तथा भू-उपयोग

गाउँपालिकाको कुल क्षेत्रफल ३८१.०१ वर्ग किमीमध्ये १७३.८६ वर्ग किमी ( ४५.६३ %) महाभारत क्षेत्र र २०७.१७ वर्ग किमी ( ५४.३७ %) चुरे क्षेत्र रहेको छ । चुरे क्षेत्र तथा नदी तटिय क्षेत्रमा समथर फाँट तथा माथिल्लो क्षेत्रमा आंशिक भिरालो र केही स्थलमा खानीजन्य चट्टानी क्षेत्र रहेको छ ।

प्राकृतिक सम्पदाका रूपमा वन जङ्गल, नदीनाला, खानी तथा खनिज र समथर तथा उर्वर जमिनको व्यापकता रहेको छ । जलश्रोतका रुपमा कर्णाली, भेरी लगायत ६५ वटा बाह्रै महिना पानी चल्ने नदी र खोला, १५ वटा झरना, ११ वटा सिमसार क्षेत्र तथा २ वटा ताल रहेका छन् । यस क्षेत्रमा ४ स्थानमा चुनढुङ्गा तथा नदी तटीय क्षेत्रमा बालुवा उपलब्ध छ । गाउँपालिकाको कुल भूक्षेत्रफलको करिब ८१ % वनजङ्गल, २.१३ % झाडी, बुट्यान र १२.२२ % क्षेत्रमा खेतीयोग्य जमिन रहेको देखिन्छ । कृषिउत्पादनलागिउपयोगभएकोकुल३३७८२.४ रोपनी(१७२०हे.)जग्गामध्ये आफ्ना परिवारका नाममा

जग्गा १६३०१.२ रोपनी(८३० हे.), ऐलानी जग्गा १४७८३.५ रोपनी(७५२हे.), अरुको नाममा रहेको जग्गा१६८९.५ रोपनी(८६ हे.) र अन्य १००८.२ रोपनी(५१ हे.)रहेको छ ।

### १.२.३जनसङ्ख्या

गाउँपालिकाको कुल जनसङ्ख्या २९,२०३ मध्ये पुरुषको जनसङ्ख्या १४,९६५ र महिलाको जनसङ्ख्या १४,२३८ रहेको छ (घरधुरी सर्भेक्षण, २०७७) । घरधुरी सङ्ख्या ५,३४५ रहेको यस क्षेत्रमा औषत घरधुरीको आकार ५.५२ लैङ्गिक अनुपात १०५.३३ छ । सङ्ख्यात्मकरुपमा सबैभन्दा बढीजनसङ्ख्या वडा नं. ७ मा ३,८९४ रहेको छ भने सबैभन्दा कम वडा नं. २ मा १,८११ छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार साविकका लगाम, बेतान, बिजौरा, गुटु र घाटगाउँ गरी पाँचवटा गाउँ विकास समितिहरुकोकुल जनसङ्ख्या २५,२४० रहेकोमा हालको जनसङ्ख्या वृद्धिदर उच्च रहेको देखिंदैन । आर्थिक रुपमा सक्रिय १५ वर्षदेखि ६० वर्षसम्मको जनसङ्ख्या ५९%प्रतिशत रहेको छ । घरधुरी तथा जनसङ्ख्यासम्बन्धी वडागत विवरण तालिकानं. १ मा राखिएको छ ।

*तालिका नं. १ : घरधुरी तथा जनसङ्ख्या विवरण*

| वडा नं | घरधुरी सर्वेक्षण २०७७ अनुसार | | | | | |
|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसङ्ख्या | | | औसत घरधुरीको आकार | लैङ्गिक अनुपात |
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ३७९ | २१५५ | ११३३ | १०२२ | ५.६९ | ११०.८६ |
| २ | ३०३ | १८११ | ९२३ | ८८८ | ५.९८ | १०३.९४ |
| ३ | ५७५ | ३२७१ | १६५९ | १६१२ | ५.६९ | १०२.९२ |
| ४ | ७०६ | ३२३८ | १६३७ | १६०१ | ४.५९ | १०२.२५ |
| ५ | ५२० | २७२५ | १३८२ | १३४३ | ५.२४ | १०२.९० |
| ६ | ४७६ | २५३३ | १३२४ | १२०९ | ५.३२ | १०९.५१ |
| ७ | ६६४ | ३८९४ | १९७३ | १९२१ | ५.८६ | १०२.७१ |
| ८ | ५६२ | २७६५ | १४१८ | १३४७ | ४.९२ | १०५.२७ |
| ९ | ५०५ | २९८५ | १५२६ | १४५९ | ५.९१ | १०४.५९ |
| १० | ६५५ | ३८२६ | १९९० | १८३६ | ५.८४ | १०८.३९ |
| **जम्मा** | **५३४५** | **२९२०३** | **१४९६५** | **१४२३८** | **५.५०** | **१०५.३३** |

*श्रोतः वस्तुस्थिति विवरण, २०७७*

## १.३ आर्थिक सामाजिक विकासको अवस्था

परम्परागत कृषि व्यवसायको वाहुल्यता रहेको यस क्षेत्रमा कृषि पेशामा संलग्न कुल घरधुरी सङ्ख्या ८१.४९%तथा कृषि तथा पशुपालनलाई मुख्य पेशाका रुपमा अवलम्बन गर्ने घरधुरी सङ्ख्या१८.३८% रहेको छ । सिँचाइ पूर्वाधारका रुपमा रहेका कुल १५६ वटा कुलो तथा नहरमध्ये २२ वटा मौसमी र १३४ वटा बाहै महिना सञ्चालन हुने कुलो रहेका छन् । सिँचित जमिनको कुल क्षेत्रफल १७५४ हे. रहेको छ । खाद्यान्न वालीमा मकै, धान र गहुँ, दलहन वालीअन्तरगत मास तथा भट्टमास, तेलहन वालीमा तोरी, फलफुलमा आँप तथा केरा र नगदे वालीमा अदुवा तथा वेसार मुख्यरुपमा रहेका छन् ।

आफ्नोउत्पादनलेवर्षभरिखानपुग्नेघरधुरीसङ्ख्या७३० (१३.६६%) मात्ररहेकोछ। कुल खेतीयोग्य जमिनको ४.९९% जमिनबाँझो रहेको छ । कृषि उपजमध्ये अदुवा, वेसार तथा मकै निर्यात हुने गरेको छ । मकै, अदुवा, वेसार तथा फलफुलको उत्पादन उच्च रहेको छ ।

यस क्षेत्रमा परम्परागत पशुपालन गर्ने घरधुरी सङ्ख्या ६३ % रहेको छ । दैनिक दूधतथाघ्यू३२२३लिटर उत्पादन हुने गरेकोछ। यस क्षेत्रमा ५९ कुखुरा फर्म, ३७ बाख्रापालन फर्म, ९बंगुर फर्म, २ गाई भैंसीपालन फर्म, १ बाख्रापालन फर्म र १मौरी फर्म सञ्चलनमा रहेको छ । वार्षिक मह उत्पादन १.६८ क्विन्टल र माछा मासु उत्पादन ८२६.३९ क्विन्टल हुने गरेको छ । कृषि उपजमध्ये खसी बोका र मह निर्यात हुने गरेको छ । बाख्रापालन, मौरीपालन र कुखुरापालनको लागि उत्पादकत्वका दृष्टिले उपयुक्त रहेको छ ।

कर्णाली तथा भेरी नदीको नदी तटिय पर्यटन तथा जलयात्रा पर्यटनलाई कर्णाली प्रदेश सरकारले प्रथम आवधिक योजनामा उच्च प्राथमिकतामा राखेको छ । करिव २० किलोमिटरकर्णाली करिडर उपयोग गरी कर्णाली तथा सुदूरपश्चिम प्रदेशका महत्वपूर्ण पर्यटकीय स्थल रारा, खप्तड, बडिमालिका, दुल्लु, लिमि उपत्यका सम्मको रोमाञ्चक यात्राको लागि उपयुक्त आतिथ्य केन्द्रका रुपमा विकास हुन सक्दछ ।

गाउँपालिकाको केन्द्रबाट सुर्खेत विमानस्थलसम्मको ६२ किलोमिटर,पूर्व पश्चिम लोकमार्गको कैलाली जिल्लाको चिसापानीसहित बर्दिया राष्टिय निकुञ्जकरिव २० किलोमिटरको दुरीमा छ । पूर्वी सिमा जोडिएकोपञ्चपुरी नगरपालिकाबजार केन्द्र बाबियाचौरसम्मको दुरी ११ किलोमिटर र कर्णाली लोकमार्गमा रहेको बड्डीचौर बजार केन्द्रसम्मको दुरी ३० किलोमिटर रहेको छ । महत्वपूर्ण आर्थिक केन्द्रसहित पश्चिम क्षेत्रमा रहेको डोटी जिल्ला र उत्तरतर्फ ढकारी तथा तुर्माखाँदसँगको सडक सञ्जालको विस्तारका कारण अन्तर प्रदेश तथा अन्तर जिल्ला व्यापारिक केन्द्रको रुपमा विकसित हुँदै गएको छ । गाउँपालिका क्षेत्रभित्र ८ स्थानमा थोकबजार र २० वटा खुद्राबजार रहेका छन ।

उद्योग व्यवसायअन्तरगत ५८ वटा पानी घट्टपानी,५४ वटा मिल,२ वटा कृषि सङ्कलन तथा प्रशोधन केन्द्र, ४ वटा सङ्कलन तथा प्रशोधन उद्योग र १ वटा विक्री केन्द्र रहेका छन् । कुल पसल तथा व्यवसायको सङ्ख्या ५६९ वटा रहेका छन् । वित्तीय संस्थाका रुफमा यस गाउँपालिका भित्र एउटा वाणिज्य बैंक, दुई वटा लघुवित्त संस्था र कुल ३१ वटा सहकारी संस्था रहेका छन् ।ठूला सिमेण्ट उद्योगका रुपमा संचालन उन्मुख ११ हजार रोपनी क्षेत्रफल ओगटने र दैनिक अधिकतम क्षमता ५००० मे.टन रहेको मुक्ति श्री सिमेण्ट उद्योगको सञ्चालन पश्चात स्थानीय रोजगार र आयोजना स्थल वरपरको आर्थिक अवसरमा उल्लेख्य वृद्धि हुनेछ ।

प्रमुख सार्वजनिक संरचनाका रुपमा गाउँपालिका क्षेत्रभित्र ३४० किलोमिटर सडक, ४२ स्थानमा पुल सहितसबै वडामा सडक सुबिधा पुगेको छ । ६ वटा जलविद्युत तथा एउटा शौर्य विद्युत उर्जा आयोजना, १९३ विद्यालय भवन, १२ स्वास्थ्य संस्था भवन, १८ सरकारी भवन, ९ सार्वजनिक भवन तथा सामुदायिक भवन र १८ वटा खेल मैदान रहेको छ । सार्वजनिक पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने सार्वजनिक जग्गा सबै वडामा कुल २६६२ रोपनी रहेको छ । व्यवस्थितशहरीकरणकालागिउपयुक्तक्षेत्रका रुपमा वडा नं ६, ७ र ८ ले समेटेको गुटुको समथर क्षेत्र रहेको छ ।

कुल घरधुरीमध्ये ९२.८२% घरधुरीलेदाउरा तथा वत्तीको प्रमुख श्रोतका रुपमा सोलार उपयोग गर्ने ९६.६१ % घरधुरी रहेको छ । विद्युत उर्जाको उत्पादनअन्तरगत यस क्षेत्रमा ३१ किलोवाट जलविद्युत तथा १०० सौर्य मिनिग्रिडबाट हुने गरेको छ । गाउँपालिकाका ८९.१५ % घरधुरीमामोवाइल तथाटेलिफोनसुविधा, टेलिभजन सुविधा ४.६२% घरधुरीमा र १.३७ %घरधुरीमा इन्टरनेटउपलब्ध रहेको छ । विद्युतको राष्टिय प्रसारण लाइनको विस्तार गाउँपालिकाक्षेत्रमा तिब्ररुपमा भइ रहेको छ । यसबाट सूचना सञ्चार तथा स्वच्छ उर्जाको उपयोगमा थप सहज हुने देखिन्छ ।

आर्थिक रुपमा सक्रिय १५ वर्षदेखि ६० वर्षसम्मको जनसङ्ख्या ५९ % रहेको छ । वैदेशिक रोजगारीमा जानेहरुको कुल सङ्ख्या २७४८ रहेको यस क्षेत्रमा कुल पारिवारिक आमदानीको ३४.६५ वैदेशिक राजगारीबाट हुने गरेको छ । प्राविधिक विषयमा स्नातक उत्तीर्ण तथास्थानीयस्तरमा उपलब्ध हुन सक्ने जनशक्ति कुल ३८५ जना रहेको यस क्षेत्रमा व्यवसायिकसीपमूलकतालिमहासिलगर्ने कुल जनसङ्ख्या १८८ रहेको छ । गाउँपालिकामा ४२ जना कर्मचारी,वडा कार्यालयमा ३९ जना रस्वास्थ्य संस्थाहरूमा ५६ जना गरी १३७ जना कर्मचारी रहेको देखिन्छ । जनशक्ति विकासका अवसरहरुमा रुपले वृद्धि हुँदै गएको वर्तमान अवस्थामा जनशक्ति परिचालन आर्थिक सम्मृद्धिको महत्वपूर्ण आधार हुन सक्ने देखिन्छ ।

गाउँपालिकाको कुल साक्षरता दर ८९.१३%रहेकोमा पुरुषसाक्षरतादर ९३.६६% र महिलासाक्षरतादर ८४.३७%रहेको छ। गाउँपालिकाभित्र ४४ प्रारम्भिक बाल विकास केन्द्र र ५३ वटा विद्यालय सञ्चालनमा रहेका छन् । कुल ४४ वटा प्रारम्भिक बालविकास केन्द्रहरूमध्ये ४१ वटा बालविकास केन्द्र सङ्घीय सरकारको अनुदानमा र ३ वटा गाउँपालिकाको अनुदानमा सञ्चालित छन् । यी विद्यालयहरूमध्ये ४९ वटा सामुदायिक विद्यालय र ४ वटा संस्थागत विद्यालयरहेका छन् । विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या ३७६ जना रहेको छ ।

गाउँपालिका क्षेत्रभित्र५ वटा स्वास्थ्य चौकी र ७ वटा सामुदायिक स्वास्थ्य इकाई गरी कुल १२ स्वास्थ्य संस्था रहेका छन् । क्लिनिक सेवा, परिवार नियोजन सेवा र ल्याव सेवा, सुरक्षित मातृत्व सेवा,क्षयरोग उपचार सेवा र औलो उपचार सेवा स्वास्थ्य संस्थामा उपलब्ध रहेको छ। अस्पताल पुग्न लाग्ने औषत समय३घण्टा रहेको छ । बृद्धि अनुगमन गरिएका मध्ये कुपोषित वालवालिकाको सङ्ख्या९.९५ प्रतिशत रहेको छ ।स्वास प्रस्वासजन्य संक्रमण दरप्रति हजारमा ६६८ जना र झाडा पखला संक्रमण दर प्रति हजारमा ४३० जना रहेको छ । प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गर्ने गर्भवती महिला सङ्ख्या५१%प्रतिशत मात्र रहेको छ ।

गाउँपालिकाभित्रका ६८ % घरधुरीमा पाइप धाराको पानी उपयोग हुने गरेको छ। शौचालय हुने घरधुरी सङ्ख्या ९४ % रहेको छ । गाउँपालिकाभित्र पाँच स्थानमा सार्वजनिक शौचालय रहेको छ ।(विस्तृत विवरण गाउँ वस्तुस्थिति विवरण, २०७७ मा उल्लेख गरिएको छ)।

## १.४ चौकुनेको विकासको समीक्षा

चौकुने गाउँपालिकाले लोकतन्त्र,सामाजिक न्याय र समृद्धिको मार्गचित्रकोर्न "चौकुनेदीगोविकासकोमुलआधारःसुशासन,समृद्धिरपर्याप्तपूर्वाधार"कोअभियानकासाथअघीबढेकोछ।निर्वाचितभएप

श्चाततीनवर्षकोअवधिमानेपालकोसंविधान, राष्ट्रिय नीति, कर्णाली प्रदेश सरकारको नीति र स्थानीयसरकारको रुपमा आफ्नै नीतिहरुबाट निर्देशित भइ दुई आर्थिक वर्ष (२०७५।०७६-२०७६।०७७) व्यतित भएको र चालु आर्थिक वर्ष(२०७७।०७८) मा विकासका कार्यक्रमहरुमार्फत जन आकांक्षालाई सम्बोधन गर्ने प्रयास भएको छ ।आर्थिक समृद्धिका लागि बेरोजगारी न्युनिकरण गर्ने, भौतिक पुर्बाधारहरुको द्रुत निर्माण गर्ने र सार्वजनिक सेवा प्रवाहको गुणस्तर वढाउदै सार्वजनिक उत्तरदायित्व सुनिश्चित गरी सुशासन कायम गर्न यसअवधिमा वार्षिक करिव रु ३६ करोड परिचालन भएको छ । प्रत्येक आ.व.मा साना र मझौला गरी करिव ३७५वटा योजनाहरुकुशलतापुर्वक सम्पन्नभएका छन । गाउँपलिकाको वार्षिक आन्तरिक आय २५ लाखको हाराहरिमारहेको छ । गाउँपालिकालाई उल्लेख्य स्रोत नेपाल सरकार राजश्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान, कर्णाली प्रदेश सरकारबाट सवारी साधनको बाँडफाँड रसिमित स्रोत साधनको उचित उपयोग गरी हाम्रा प्राथमिकता प्राप्त योजनामा प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्राथमिकताहरु मूलरुपमा सडक, यातायात, कृषि, बन,जडिबुटी, पर्यटन र उद्योग तथा शिक्षा स्वास्थ्य र नै रहिआएका छन् ।

अन्तर स्थानीय तह समन्वय, सहकार्य र सहअस्तित्वलाई वढावा दिदै प्रदेश सरकार र सङ्घीय सरकारसँग विशिष्टता र कार्यक्षमताको आधारमा चौकुने क्षेत्रभित्रका राष्ट्रिय गौरबका बहुवर्षिय आयोजनाहरु (चौकुने सिमेन्ट, वेतन कर्णाली हाइड्रो, पुर्व पश्चिम मदन भण्डारी राजमार्ग चौकुने खण्ड खक्रौला गुटु जंगलाघाट सडक) का लागि आर्थिक स्रोत जुटाउन समन्वयकारी भुमिका निर्वाह गरिएको छ ।जनताको आर्थिक क्षमता वढाउन आम्दानी र वचत बढाउनउत्पादित कृषिजन्य उपजको बजारीकरण गर्दै लगिएको छ । साल्म- कोइरालबास-रेक्चा-बागमारा-सिमलगैरा-धनरासजस्ता ठाउँहरुलाई वाखापालन तथा फलफुलको पकेट क्षेत्रको रुपमा विकास गर्न व्यावसायिकवाखा पालन र फलफुल खेतीमा लगानी गरिएको छ ।

बालवालिकाको भविष्य उज्ज्वल बनाउन गरिएको प्रयासमा प्रारम्भिक बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताहरुको प्रोत्साहन स्वरुप पारीश्रमिक, विद्यालयका प्रारम्भिक कक्षा व्यवस्थापन, प्राविधिक कक्षा सञ्चालन,गाउँपालिकास्तरीयअतिरिक्त क्रियाकलाप सञ्चालन, मगर भाषाको पाठ्यपुस्तक विकास तथा प्रकाशनजस्ता कार्यक्रमहरुलाई कार्यान्वयन प्रमुख छन । शिक्षण सिकाइमा विद्युतिय सूचना प्रविधिको उपयोग गर्ने मावि४वटा रहेका छन् । गाउँपालिकाकभित्र ५५पक्की विद्यालय भवन पुर्वाधार निर्माण गरिएको छ ।

नागरिकको स्वास्थ्यलाई ध्यानमा राखि हरेक स्वास्थ्य चौकीमा निशुल्क औषधी वितरणको कार्यक्रमलाई अझ व्यवस्थित, भरपर्दो र सुविधामुखी बनाईएकोछ । वडामा स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाइ स्थापना र खोप केन्द्र व्यवस्थित सञ्चालन तथा गाउँघर क्लिनिकको कार्यक्रमलाई निरन्तरतादिईएको छ ।अस्पताल निर्माण कार्यको थालनी गरिएको छ । मापदण्डअनुसारको एक स्वास्थ्य चौकी भवनको निर्माण सम्पन्न भइ सकेको छ भने अन्य भवन निर्माणमा गाउँपालिका अग्रसर रहेको छ । खुला दिशामुक्त क्षेत्रको व्यवहारिक कार्यान्वयनका लागि सरसफाइजन्य आनीवानीमा सुधार र बढी जमघट हुने ५ स्थानमा सार्वजनिक शौचालय निर्माण गरिएको छ । खानेपानीमा सहज पहूँच स्थापित गर्न प्रदेश सरकार तथा स्थानीय सरकार एक घर एक धारा कार्यक्रम प्राथमिकताका साथ अगाडी बढेकोछ । विपदबाट विगत ३ वर्षमा ३३ जनाको मृत्यु, ५८ घाइतेर रु २ करोड १२ लाख बरावरको सम्पत्ति क्षति भएको देखिन्छ ।

उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु, प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरी विद्यालय भवन निर्माण, स्वास्थ्य चौकी भवन निर्माण, खानेपानी योजना निर्माण, लिफ्ट सिंचाई झ्यालेकांडा खानेपानी आयोजना, भेरी कर्णाली खानेपानी आयोजना घाटगाउ, घुतघुते सल्लेटाकुरा खानेपानी योजना, सरस्वती माध्यमिक विद्यालय घाटगाउ भवन निर्माण, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, शोभानचौर भवन निर्माण, वडा नं १, ५, ७, ९ को वडा कार्यालयहरुको भवन निर्माण, लामाखेत खानेपानी आयोजना, कुमाला लिफ्ट सिंचाई आयोजना को निर्माण गर्न २०७७ मंसीर १५ गतेभित्र निर्माण सम्पन्न गरिने गरी ठेक्का सम्झौता भई काम शुरु भएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी क्षेत्रमा पहूँच तथा गुणस्तर वृद्धि, संस्थागत संरचना वृद्धि र समावेशिकरणका क्षेत्रमा उल्लेख्य उपलब्धी हासिल भएको छ ।

संरचनगत रुपमा उल्लेख्य सुधार भएपनि श्रोत लगानी निश्चितता नहुँदा तथा अधिकांश लगानी सङ्घीय तथा प्रदेश सरकारमा निर्भर हुँदा अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन ।

## १.५आवधिक योजना तर्जुमा प्रकृया

आवधिक विकास योजना तर्जुमाका लागि आवश्यक व्यवस्थापन र सहजीकरण सम्बन्धी काम गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष लगायत पदाधिकारिहरुको सहयोगमाविभिन्न चरणमा सम्पन्न भएकोथियो । योजना तर्जुमा सम्बन्धी अभिमुखिकरण (चरण एक) सम्पन्न गरिए पश्चात वस्तुस्थिति विश्लेषण सम्बन्धी काम (चरण दुई)गरिएको थियो । विभिन्न पाँचवटा विषयगत समितिहरुसँग (आर्थिक विकास,सामाजिक विकास, पूर्वाधार विकास,वातावरण तथा विपद व्यवस्थापन,र संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन)छलफल(चरण तीन) सम्पन्न भइ विषयविज्ञको सहयोगमा २०७७ सालअसोज ८, ९ र १० गते योजना तर्जुमा कार्यशाला(चरण चार) सम्पन्न गरिएको थियो । गाउँपालिकामा रहेका विषयगत समितिहरुको नेतृत्वमा विस्तृत विषयगत योजना तर्जुमा कार्यशालामा वडा समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख र प्रतिनिधिहरु रराजनितिक दलका प्रतिनिधि, दलित, महिला, अपाङता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिकको समेत प्रतिनिधित्व रहेको थियो । गाउँ कार्यपालिकाको समय, श्रोत तथा साधनको परिधि र कोभिड १९ को महामारी बीच स्वास्थ्य सुरक्षाको मापदण्ड कायम हुने गरीआवधिक विकास योजना तयारी कार्ययोजना बनाइएको थियो । योजना विश्लेषण र दस्तावेज तयारी (चरण पाँच) पश्चात सुझाव सङ्कलन तथा प्रमाणीकरण कार्यशाला(चरण छ) सम्पन्न गरिएको थियो । आवधिक योजना तयारी कार्यशाला गोष्ठीबाट आएका सूचना तथा अपेक्षालाई विज्ञहरुसँगको परामर्शमा नतिजामूलक योजना ढाँचामा राख्ने काम गरिएको थियो । विषयगत समूहमा छलफल गरी प्राप्त निस्कर्ष र गाउँपालिकाकोआवधिक, एकीकृत तथा विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरी यो दस्तावेज तयार गरिएको हो ।योजनाको मस्यौदा उपर कार्यपालिका तथा स्थानीय तहका सरोकारवालाहरुबाट प्राप्तसुझाव तथा पृष्ठपोषणलाई समावेश गरी तयार गरिएको प्रथम आवधिक योजनाको दस्तावेज तयारी(चरण सात)२०... साल ........को ........ गाउँसभा/कार्यपालिकाबाट स्वीकृत भएको हो ।

## १.६ परिसीमन तथा आशङ्का

यो आवधिक योजना तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित सङ्घीय र प्रादेशिक नीति तथा कानून, पन्ध्रौ योजना, प्रदेश सरकारको आवधिक योजनाको आधार पत्रर चौकुने गाउँपालिकाको नीतिगत तथा कार्यक्रम सञ्चालन दस्तावेजहरुलाई आधारका रुपमा लिइएको छ । राष्ट्रिय र प्रदेश प्राथमिकताकालैंगिक समानता

तथा सामाजिक समावेशीकरण, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, विपद् व्यवस्थापन र जलवायु परिवर्तन राष्ट्रिय अनुकुलन आदि नीतिहरुलाई प्राथमिकताका साथसमेटिएको छ ।

यो आवधिक योजना मूलतः गाउँ वस्तुस्थिति विवरण, २०७७मा रहेका तथ्याङ्क, योजना तर्जुमा गोष्ठी, २०७७ र वडास्तरमा भएका योजना तर्जुमा सम्बन्धी छलफलहरुवाट प्राप्त सूचनातथा सुझावहरुको आधारमा तयार गरिएको हो । यो ५ वर्षे योजना भएको हुँदा यसमा गाउँपालिकाको विकास निर्देशित गर्न आर्थिक रणनीति तथा कार्यनीति, नतिजा तथा सूचक र प्रमुख कार्यक्रमहरुलाई जोड दिइएको छ। योजना अवधिमा हासिल हुने केहीउपलब्धी सूचकहरू प्रभाव तहका छन् भने अधिकांश नतिजा तहका रहेकाछन ।

आवधिक योजना अवधिमा हासिल गर्नेभनी किटान गरिएका लक्षहरु कर्णालीप्रदेशको लक्षको सालाखाला सिमा भित्र रहेका छन । कर्णाली प्रदेशको आर्थिक सामाजिक विकास लक्ष सुचकाङ्कहरु निकैमहत्वाकांक्षी र उच्च रहेको हुँदा गाउँपालिकाका लागि गरिएको प्रक्षेपण सटिक नहुनसक्छ ।सङ्घीय तथा प्रादेशिक अनुदान र निजी क्षेत्र र विकास साझेदार संस्थाको सहयोगको सम्भावनाका आधारमा गरिएका प्रक्षेपणहरु फरक पर्नसक्छन ।

आवधिक योजनाका समग्र लक्ष्य र नतिजाहरुलाई योगदान पुग्ने किसिमले गाउँपालिकाले यस योजना दस्तावेजलाई वार्षिक योजना तर्जुमाको प्रमुख आधार मानि आफ्नो वार्षिक योजना तथा बजेट र विषयक्षेत्रगत योजनाहरु तर्जुमा गर्नुपर्नेछ । यसो गर्न नसक्दा राजनैतिकरुपमा नयाँ योजनाहरु तर्जुमा हुने आशङ्का रहन्छ । गाउँ वस्तुस्थिति विवरण, २०७७ अद्यावधिक गर्ने काममा गाउँलापालिकाले प्राथमिकताका साथ लगानी नगरेको अवस्थामा लक्ष प्रगतिको अनुमान सही नहुन नसक्छ ।

# परिच्छेददुई
# आवधिक विकास योजना

## २.१ पृष्ठभूमि

नेपालको संविधान बमोजिम स्थानीय तहले राष्टिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम बजार आदि प्रतिकुल नहुने गरी आफ्नो अधिकारक्षेत्र भित्रको कार्य सम्पादन गर्नुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आवधिक योजना तर्जुमा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य समय सीमा र प्रकृया अनुकुल हुने गरी गरिनु पर्ने र समाजिक समावेशिकरण, विपद् जस्ता अन्तरसम्बन्धी विषयबाट निर्देशित रहनुपर्छ । गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर, आम्दानी र दिगो विकास सम्बन्धी विषय र विषयगत रुपमा श्रोत विनियोजन गरिनुपर्ने कानुनी प्रावधानलाई ध्यानमा राखी पाँच वर्षको आवधिक विकास योजना तर्जुमा गरिएको छ । योजना दस्तावेजलाईअविछिन्न रुपमा योजना तर्जुमा, कार्यान्वयन रमुल्याङ्कनबाट प्राप्त सुझाबका आधारमा पुन:योजना तर्जुमा हुने गरी योजना चक्रमा आधारित आवधिक विकास योजनाको रुपमा तयार गरिएको छ ।परिवर्तनको सिद्धान्तमा तयार गरिएको यस नतिजामुखी आवधिक विकास योजनाले वर्तमान निर्वाचित जनप्रतिनिधिको कार्यकाल समाप्ती पछी पनि आउने पदाधिकारीहरुका लागि दीर्घकालीन लक्ष प्राप्ती र नीतिगतरुपमा मार्गदर्शन गर्न सहयोगगर्नेछ ।

## २.२ सम्भावनार अवसर विश्लेषण

स्थानीय बासिन्दाको जीवनस्तर उठाउने र गाउँपालिकको आर्थिक सामाजिक विकासलाई हाक्नसक्ने उच्च राजनैतिक इच्छाशक्ति भएका निर्वाचित युवा जनप्रतिनिधिहरुको नेतृत्वमा गाउँपालिका छ । विकासको तीब्र जनचाहनालाई सम्बोधन गर्न आवश्यक न्यूनतम संस्थागत स्थापनाहरुलाई कृयाशील गर्न गराउन सहयोगी क्षेत्रको विषयगत विश्लेषण गरिएको छ ।

### क) आर्थिक क्षेत्र

कुल क्षेत्रफलको १२.२% भूभागखेतीयोग्य जमिन रहेकोयस क्षेत्रमा व्यवसायिकरुपमा कृषि उत्पादनका लागि आवश्यक उर्वर खेती योग्य जमिन, वन जङ्गल तथा घाँसे क्षेत्र रहेको छ । सिंचाईका लागि बाह्रै महिना पानीचल्ने नदी खोला तथा भूमिगत जलश्रोत उपलब्ध यस क्षेत्रमा १७५४ हे. जमिनमा सिंचाई सुविधा उपलब्ध रहेको छ । उर्वर जमिन,पशुपालन, मौरीपालन तथा पशु आहाराको सहज उपलब्धताका कारण बाख्रापालन, कुखुरापालन,तरकारीखेती, फलफुलखेती, तथा नगदेवालीको उच्च प्रतिफल रहेकोछ। बाख्रापालन, कुखुरापालन,मौरी पालन, बेसार खेती, अदुवा खेती, मकैतथागहुँ खेतीमा अधिक उत्पादकत्वर पकेट सम्भाव्य क्षेत्रका रुपमा रहेको छ।कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्रहरुबाट सुलभ सेवा स्थानीयस्तरमा उपलब्ध रहेको छ ।

उद्योग तथा व्यवसाय तर्फ घट्ट सङ्ख्या ५८, मिल सङ्ख्या ५४ वटा तथा ६ वटा उद्योग, ६ स्थानमा थोक बजार तथा २० स्थानमा खुद्रा बजार र ५६९व्यवसायिक फर्म रहेका छन् । एउटा वाणिज्य बैंक, २ वटा लघुवित्त र ३१ सहकारीबाट करिव १६ करोड लगानी हुने गरेको छ । अन्तर जिल्ला तथा अन्तर प्रदेश सडक सञ्जाल, बजार केन्द्रहरुसँगको सहज यातायात पहूँच र चुनढुङ्गा तथा बालुवा जस्ता

खनिज पदार्थको प्रचुर उपलब्धताका कारण उद्योग सञ्चालनका लागि उपयुक्त वातावरण रहेको छ ।कर्णाली तथा भेरी नदी तटीय क्षेत्र रराजी संग्राहलयपर्यटकीय क्षेत्रका रुपमा रहेका छन् ।

## ख) सामाजिक क्षेत्र

कुल ५३ वटा विद्यालय र ४६ प्रारम्भिक वाल विकास केन्द्र सञ्चालनम रहेको यस क्षेत्रमा स्थानीयस्तरमा कृषि तथा सिभिल इन्जिनियरीङ अध्यापन हुने प्राविधिक धारसहितको माध्यमिक तहसम्मको शिक्षाका अवसरउपलब्ध रहेको छ । विद्यालयको स्थानीय आर्थिक श्रोतका रुपमा सामुदायिक वन रहेकोछ ।विद्यालयहरुमा ५५ पक्की भवन, १३८ कच्ची भवन रहेको छ भने विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक गुणस्तरलाई उच्च प्राथमिकतामा राखेको छ ।

स्वास्थ्य सेवा प्रदायक संस्थाका रुपमा गाउँपालिका क्षेत्रभित्र ५ वटा स्वास्थ्य चौकी तथा ७ वटा सामुदायिक स्वास्थ्य इकाईसहित गाउँघर क्लिनिक तथा खोप केन्द्र रहेका छन् । खानेपानीका खानेपानीका मुल तथा भूमिगत जलश्रोतको प्रयाप्त उपलब्धता रहेका कारण गुणस्तरीय खानेपानी सुबिधा विस्तार सहज देखिएको छ । खुला दिसामुक्त क्षेत्रका रुपमा सरसफाईको क्षेत्रमा व्यक्तिगत घरधुरीमा शौचालय निर्माण ९३.६ प्रतिशत घरमा शौचालय रहेको छ ।

सामाजिक समावेशिकरणको दिशामा लक्षित वर्गको क्षमता विकास तथा अवसरमा वृद्धि हुँदै गएको छ । लक्षित वर्गको संञ्जाल गठन भएका छन् भने विद्यालयस्तरमा वालक्लव तथा ३६ वटा युवा क्लवमा ९०० युवा कृयाशिल रहेका छन् । गाउँपालिकास्तरीय रंगशाला निर्माण प्रारम्भ भएको छ । स्थानीय स्तरमा लाग्ने मेला तथा जात्रा र धार्मिक स्थलहरुको संरक्षण हुँदै गएको छ ।

गाउँपालिकामा रहेका कृयाशील राजनैतिकदलहरु आर्थिक सामाजिक विकासको मुद्दामा राजनैतिक रुपमा प्रतिबद्ध देखिएका छन ।

## ग) पूर्वाधार विकास

सबै वडामा कम्तिमा ग्रामीण सडकको पहूँचछ । गाउँपालिकाको पूर्व– पश्चिम जोड्ने मदन भण्डारी लोकमार्गसहित उत्तर–दक्षिण जोड्ने चिसापानी–जंगलाघाट सडक निर्माणाधिन रहेको छ । गाउँपालिकाबाट मदन भण्डारी लोकमार्ग, वीरेन्द्रनगर विमानस्थल, प्रदेश राजधानी ,कर्णाली राजमार्ग, बर्दिया राष्ट्रिय निकुञ्जसँग बाह्रै महिना स्थल आवागमन हुन्छ । गुटु क्षेत्र लगायत २६ वटा बजार क्षेत्रमा बस्ति विस्तार हुँदै गएको छ । निर्माण सामग्रीको सहज उपलब्धता तथा सडकको सहज पहूँचका कारण यस क्षेत्रको पूर्वाधार निर्माणको काम सहज हँदै गएको छ ।

गाउँपालिकाको ९७ % घरधुरीमा सोलार उपयोग हुने गरेकोमा हाल ३१ किलोवाट जलविद्युत तथा १०० किलोवाट सौर्य ऊर्जा उत्पादनमा रहेको छ । जल विद्युतको केन्द्रिय प्रसारण लाइन विस्तार हुँदै गएको छ भने ४४२ मेगावाट जलविद्युत आयोजना स्थानीयस्तरमा निर्माणधीन रहेको छ । यस क्षेत्रमा ८९.१५ % घरधुरीमा मोवाइल, ४.६२ % घरधुरीमा टेलिभिजन र १.३७ % घरधुरीमा इन्टरनेट सुविधा रहेको छ । सूचना तथा संचारको तिव्र विस्तार हुँदै गएको छ ।

**घ)वनतथा वातावरण**

चुरे तथा महाभारत क्षेत्रीय जैविक विविधता रहेको कुल क्षेत्रफलको ८३.३३ % क्षेत्रमा जङ्गल झाडी रहेको छ ।उल्लेख्य मात्रामा नदीनाला रहनु, वनजन्य वस्तुहरूको बजार माग उच्च रहनु, दिगो र वैज्ञानिक वन व्यबस्थापनमा जागरुकता बढ्नु, वातावरण संरक्षणमा सरोकारवालाहरूको चासो बढ्नु यस क्षेत्रका अवसरहरू हुन् ।

तुलनात्मकरुपमा विपद्का घटनाहरुको सङ्ख्या कम रहेको र नदी तटिय क्षेत्रमा सूचना प्रणाली तथा पूर्व तयारीको व्यवस्था गरिएकोले विपद व्यवस्थापन प्रभावकारी छ । विपद् व्यवस्थापन कोषमा रु.२ करोड मौज्दात रहेकोछ । वन संरक्षण तथा उपयोगमा सामुदायिक वनहरु संलग्न रहेकाछन।

**ङ)सेवा प्रवाह**

कार्यपालिकाको कार्यालय सञ्चालन हालअन्यनिकायको भवनमा रहेको छ । गाउँपालिकाको आधुनिक सुविधासहितको कार्यालय भवन वडा नं. ६मा निर्माणाधिन छ । वडा नं. ३, ७ र ९ को कार्य सञ्चालन भाडाको भवनबाट भइरहेको छ भने बाँकी वडाहरुको आफ्नै सामान्य भवन छन ।गाउँ कार्यपालिका कार्यालयमा १० वटा विषयगत शाखाहरु र १३७ जनशक्तिरहेकोछ । स्थानीय कानुनका रुपमा १५ वटा स्थानीय कानुन तयार भएका छन् । पदाधिकारी तथा कर्मचारीका लागि क्षमता विकासका अवसर उपलब्ध रहेका छन् । लेखा प्रणाली तथा सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन सफ्टवेयरबाट हुने गरेको छ । वित्तीय श्रोत परिचालनलाई डिजिटल प्रणालीमा आवद्ध गर्दै लगिएको छ । स्वास्थ्य संस्था, सेवा केन्द्र तथा विषयगत शाखाहरुको सेवा प्रवाह छिटो छरितो तथा सहज बनाउन विद्युतिय सूचना प्रविधिको उपयोगमा विस्तार हुँदै गएकोछ ।

## २.३ समस्या विश्लेषण

आर्थिक एवम् रणनीतिकविकासका लागि आवश्यक प्राकृतिक स्रोत, जनशक्ति र सिमीत लगानीका लागि आर्थिक स्रोत सम्भावना रहेपनि यस क्षेत्रमा विकासले अपेक्षित गतिलिननसक्नुका अन्तरनिहित वाधाहरुका सम्बन्धमा यस शिर्षकमा विश्लेषण गरिएकोछ ।

### २.३.१ आर्थिकविकासक्षेत्र

कृषि क्षेत्रको मूख्य समस्याको रुपमा कम उत्पादकत्वरव्यवसायिकताको कमी रहेको छ । न्यून लागत प्रतिफल अनुपात र बजारीकरणमा असहजताका कारण लगानीमैत्री वातावरणको कमी रहेको छ । आर्थिक विकासक्षेत्रका मूख्यमूख्य समस्या र समाधानका रणनीति तथा कार्यक्रमलाईतालिका नं. २ मा प्रस्तुत गरिएकोछ ।

*तालिका नं. २ :आर्थिक विकास क्षेत्रका समस्या र समाधानका रणनीति तथा कार्यक्रम*

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम क्षेत्र |
|---|---|
| – गैर कृषि क्षेत्रमा बढी आकर्षण हुनु ।<br>– उत्पादन तथा उत्पादकत्वमा कमी । | – भू बनौट र प्रकारका आधारमा भू उपयोग गर्ने ।<br>– तुलनात्मक लाभका क्षेत्र पहिचान गरी पकेट क्षेत्रका रुपमा विकास गर्ने ।<br>– उन्नत बीऊ तथा नश्लमा आधारित उत्पादन गर्ने । |

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम क्षेत्र |
|---|---|
| – कृषिमा व्यवसायिकताको कमी ।<br>– बजारीकरणमा असहजतारहनु ।<br>– कृषिजन्य वस्तुको निर्यात बढ्न नसक्नु ।<br>– कृषि पूर्वाधारको कमी । | – कृषि उत्पादनको मुल्य मानमा वृद्धी हुने गरी ग्रेडिङ्ग तथा द्धितीय वस्तुको निर्यात गर्ने ।<br>– स्तरीय चिस्यान तथा भण्डारण केन्द्रको निर्माण गर्ने ।<br>– व्यवसायिक कृषिमा संलग्न हुनचाहने कृषकहरुका लागि अनुदान, सहुलियत कर्जा, प्राविधिक सीप तथा ज्ञान उपलब्ध गराउने।<br>– फलफुल खेतीमा आँप, लिची तथा केरा, नगदे वालीमा अदुवा तथा बेसार खेतीको समुहमा आधारित विशेष क्षेत्र निर्धारण गर्ने ।<br>– पशुपालन अन्तरगत दुध तथा मासुजन्य उत्पादन तथा मौरीपालनलाई व्यवसायिक गराउने ।<br>– कृषि तथा भेटेरिनरी सेवालाई सहज गराउने ।<br>– वन क्षेत्र तथा खाली जग्गामा उच्च मुल्यका वनस्पति वृक्षारोपण गर्ने । |
| – खेतीयोग्य जमिन बाँझो रहनु ।<br>– सिंचाई आयोजनाको कमजोर व्यवस्थापन तथा लापरवाहीपूर्ण उपयोग हुनु। | – सिंचाई नपुगेको खेती योग्य जमिन रहेको स्थानमा कुलो वा लिफ्टसिंचाइका माध्यमबाट बाह्रै महिना सिंचाई सुबिधा उपलब्ध गराउने ।<br>– थोपा सिंचाई तथा फोहोरा सिंचाई जस्ता सिंचाईका आधुनिक विधिको उपयोगलाई प्रोत्साहित गर्ने ।<br>– सिंचाई पूर्वाधारको दिगोपनाका लागि नियमित मर्मत तथा सञ्चालनमा आवश्यक श्रोतसहित उपभोक्ता समितिबाट व्यवस्थापन हुने संयन्त्र तयार गर्ने ।<br>– मझौला क्षमताका सिंचाई आयोजनाको निर्माण गर्ने ।<br>– पानीको उपयोगमा न्यायोचित बाँडफाँडको व्यवस्था गर्ने । |
| – लगानीमैत्री स्थानीय वातावरण नहुनु ।<br>– लागत प्रतिफल अनुपात न्यून हुनु ।<br>– स्थानीय व्यवसायमा आकर्षणको कमी रहनु ।<br>– अदृष्य वेरोजगारी विद्यान रहनु । | – बढी भएको श्रमशक्तिलाई बैकल्पिक रोजगारको अवसरप्रदान गर्ने ।<br>– स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहत गर्ने ।<br>– विद्युत उर्जा विस्तार तथा सडक सुविधाको पहूँचलाई सहज गराउने ।<br>– व्यवसायिक सीप तथा क्षमता विकास गर्ने ।<br>– निर्यात योग्य वस्तु उत्पादन गर्ने तथा उत्पादित वस्तुको गुणस्तर कायम गर्न ।<br>– वेरोजगार युवा तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरुका लागि सीपमूलक तालिम सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्ने ।<br>– संचालित व्यवसायलाई दर्ताको दायरामा ल्याउने । |

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम क्षेत्र |
|---|---|
| | – वनमा आधारित औद्योगिक कच्चा पदार्थको पहिचान तथा सङ्कलनलाई व्यवस्थित गराउने ।<br>– उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने ।<br>– बजार पहिचान तथा बजारीकरणमा सहजिकरण गर्ने । |
| – वित्तीय क्षेत्रको न्यून उपस्थिति हुनु ।<br>– औपचारिक कारोवारको अभ्यास न्यून हुनु ।<br>– वित्तीय संस्थामा समुदायको पहूँच कम हुनु । | – एकघर एक सदस्य बैङ्क खाता अभियान संचालन गर्ने ।<br>– सबै घरपरिवारलाई सहकारीमा आवद्ध गराउने ।<br>– सरकारी तथा निजी क्षेत्रबाट हुने कारोवारलाई बैंकिङ् प्रणालीबाट हुने गराउने ।<br>– सहकारी संस्थाको क्षमता विकास गर्ने ।<br>– सहकारीलाई कृषि तथा औद्योगिक उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण क्षेत्रमा समावेस गराउने । |
| – पर्यटन क्षेत्रव्यवसायिक बन्न नसक्नु । | – कर्णाली तथा भेरी नदीमा राफ्टिङ्ग लगायतका जलयात्रा सञ्चालन गर्ने ।<br>– पर्यटकीय स्थल तथा सडक मार्ग दायाँ बायाँ आकर्षक विरुवा तथा वहुवर्षिय फुल रोप्ने ।<br>– ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक रुपमा महत्वपूर्ण सम्पदाको पहिचान, संरक्षण र सम्वर्द्धनगर्ने ।<br>– पर्यटन व्यवसायसम्बन्धी स्थानीय व्यवसायीहरुको क्षमता विकास गर्ने ।<br>– स्थानीय पर्यटकीय सम्पदाको सम्बन्धमा जानकारी गराउन वृतचित्र तयार गरी सार्वजनिक गर्ने । |

## २.३.२ सामाजिक विकास क्षेत्र

उच्च तथा गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको पहुँचमा कमी रहेको छ । पोषण र स्वच्छ खानेपानी तथा सरसफाईको क्षेत्रमा आशातित विकास हुन सकेको छैन । सामाजिक समावेशिकरणको अपेक्षित प्रतिफल लक्षित वर्गले प्राप्त गर्नसकेको छैन । सामाजिक विकासक्षेत्रका मूख्यमूख्य समस्या र समाधानका रणनीति तथा कार्यक्रमलाई तालिका नं. ३ मा प्रस्तुत गरिएकोछ ।

*तालिका नं. ३ : सामाजिक विकास क्षेत्रका समस्या र समाधानका रणनीति तथा कार्यक्रम*

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम |
|---|---|
| – माध्यमिक, उच्च तथा प्राविधिक शिक्षामा अद्यापी न्यून पहुँच हुनु ।<br>– शैक्षिक गुणस्तर कमजोर रहनु ।<br>– शैक्षिक बेरोजगारी रहनु । | – स्थानीय रोजगारी र उत्पादनमा सहयोग पुग्ने गरी स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्ने ।<br>– विद्यालय भवन, शौचालय, खेल मैदान, खानेपानीको व्यवस्था गर्ने<br>– शिक्षक दरवन्दीको व्यवस्था गर्ने ।<br>– तालिम तथा प्रोत्साहनको व्यवस्था गर्ने |

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम |
|---|---|
| | – विद्यालयमा विद्युतिय सूचना प्रविधिको व्यवस्था गर्ने<br>– शिक्षक नियमितताको सुनिश्चिता गर्ने ।<br>– शिक्षा शाखा तथा विद्यालय व्यवस्थापन समितिद्धारा नियमित अनुगमनको व्यवस्था गर्ने ।<br>– विद्यालय समायोजन तथा कक्षा थप गर्ने ।<br>– स्थानीयस्तरमाक्याम्पस स्थापनाका लागि पहल गर्ने । |
| – गुणस्तरीय स्वास्थ्य सेवा तथा सुबिधामा कमी ।<br>– चिकित्सकीय सेवाको पहूँचमा कमी ।<br>– नसर्ने रोगको विस्तार। | – खानेपानी तथा पूर्वाधारको व्यवस्था गर्ने ।<br>– आवश्यक औषधी तथा उपकरणको समयमै व्यवस्था गर्ने<br>– कर्मचाारीको नियमितता अनुगमन गर्ने ।<br>– SBA तालीमको ब्यवस्था गर्ने ।<br>– संस्थागत सुत्केरी गराउन विकटमा रहेका स्वास्थ्य संस्थालाई सुचिकृत गराउने ।<br>– स्वस्थ जीवन शैलीसम्बन्धमा जनस्तरमा सचेतना कायम गर्ने ।<br>– योग, आयुर्वेदतथा प्राकृतिक चिकित्सालाई प्रवर्द्धन गर्ने । |
| – स्वच्छ खानेपानीको पहुँचमा कमी ।<br>– व्यक्तिगत तथा वातवरणीय सरसफाईमा कमी । | – खानेपानी गुणस्तर मापन तथा सुधार प्रणाली व्यवस्था गर्ने ।<br>– मुलको पानी अभाव हुने स्थानहरुमा लिफ्टिङ्ग प्रणाली तथा भूमिगत जल उपयोग गर्ने ।<br>– पिउने पानीको गुणस्तर परिक्षण तथा सुद्धिकरणको व्यवस्था गर्ने ।<br>– सबै घरमा शौचालय निर्माणलाई अनिवार्य गर्ने ।<br>– टोल टोलमा सरसफाइ समिति गठन तथा परिचालन गर्ने ।<br>– छाडा पशुपन्छी व्यवस्थित गर्ने ।<br>– व्यक्तिगत सरसफाइका लागि विद्यालय तथा समुदायस्तरमा जनचेतना जगाउने । |
| – राजनीतिक आर्थिक तथा सामाजिक लगायत नीति निर्माण तहमा लक्षित वर्गको न्यून सहभागिता रहनु ।<br>– महिला, वालवालिका, जेष्ठ नागरिक र अपांगता भएका नागरिक हिंसा पिडित हुनु । | – स्थानीय संरचना, संस्था तथा समितिमा लक्षित वर्गको सहभागिता सुनिश्चत गर्ने ।<br>– समुदायस्तरमा हिंसा रोकथामका लागि महिला पुरुष सबैको सहभागितामा वहस कार्यक्रम सञ्चालन गर्ने ।<br>– हिंसा पिडितहरुका लागि सुरक्षा तथा पुनस्थापनाको प्रवन्ध मिलाउने ।<br>– रोजगारी तथा शिक्षाका अवसरमा वृद्धी गर्ने ।<br>– मादक पदार्थको विक्री वितरण व्यवस्थित तथा जथाभावी सेवनलाई नियन्त्रण गर्ने ।<br>– वाल विवाह कमी गर्न सचेतना जगाउने ।<br>– लक्षित वर्ग संजाल गठन तथा कृयाशिल गराउने । |

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम |
|---|---|
| – खेलकुद क्षेत्रमान्यून अवसर हुनु ।<br>– युवासमुदायको आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा न्यून सहभागिता रहनु ।<br>– युवा बेरोजगारी बढ्दै जानु । | – खेलकुद विकासमा प्रशिक्षण र प्रोत्साहन ।<br>– दुर्वसनको अन्त्यका लागि अभियान संचालन गर्ने ।<br>– युवा स्वरोजगारका लागि कृषि पर्यटन उद्योग मेकानिक्स तथा ड्राइभिङ जस्ता क्षेत्रमा तालिम तथा सीप विकासको व्यवस्था गर्ने ।<br>– व्यवसाय गर्न चाहाने युवाहरुका लागि सहुलियत कर्जा तथा अनुदानको व्यवस्था गर्ने ।<br>– खेल व्यवसाय कृषि जस्ता क्षेत्रमा सफलता हासिल गरेका उदाहरणिय युवाहरुलाई वार्षिक रुपमा सम्मान गर्ने । |
| – मौलिक भाषा, कला तथा संस्कृतिको संरक्षण नहुनु<br>– स्थानीय कलाको व्यवसायिकतामा कमी । | – मौलिक कला तथा संस्कृति संरक्षणका लागि साँस्कृतिक मेलाआयोजना गर्ने ।<br>– वार्षिक स्थानीय कलाकार तथा प्रतिभालाई पुरस्कृत गर्ने ।<br>– मातृभाषा संरक्षणका लागि आवश्यताअनुसार विद्यालय शिक्षामा मातृभाषालाई समावेश गराउने ।<br>– धातु, काष्ठ र माटाबाट निर्मित भाँडा, सामाग्री तथा औजार तयार गर्ने सीप भएका जातिगत समुदाय तथा व्यक्तिका लागि सीप तथा क्षमता विकासका अवसर उपलब्ध गराउने ।<br>– मौलिक तथा परम्परागत ज्ञानजानकार व्यक्तिहरुद्धारा नयाँ पुस्तामा हस्तान्तरणका अवसर जुटाउने । |

## २.३.३ भौतिक पूर्वाधार विकास क्षेत्र

पक्की, व्यवस्थित तथा गुणस्तरीय सडक तथा सार्वजनिक पूर्वाधारको कमी रहेको यस क्षेत्रमा विद्युत तथा आधुनिक सूचना प्रविधिको विस्तार तथा उपयोग न्यून रहेको छ । भौतिक पूर्वाधार विकास विकासक्षेत्रका मूख्यमूख्य समस्या र समाधानका रणनीति तथा कार्यक्रमलाई तालिकानं.४ मा प्रस्तुत गरिएकोछ ।

*तालिका नं. ४ : भौतिक पूर्वाधार विकास क्षेत्रका समस्या र समाधानका रणनीति तथा कार्यक्रम*

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम |
|---|---|
| –सडकको यातायातको पहूँचमा कमी<br>– वर्षादमा यातायात अवरुद्ध हुनु<br>– असहज सडक यातायात | – सडक गुरु योजना तयार गरी कार्यान्वयन गर्ने ।<br>– सडक निर्माण गर्दा वातावरण संरक्षण तथा भूक्षय रोकथामलाई (वायो टेक्नोलोजी) एकीकृत रुपमा अवलम्बन गर्ने ।<br>– सडक निर्माणमा सङ्घ, प्रदेश तथा विकास साझेदार संस्थाको सहयोगलाई यथासक्य परिचालन गर्ने ।<br>– सबै वडा कार्यालयसम्म पुग्ने मूल सडकलाई कालोपत्रे गर्ने<br>– बजार क्षेत्रमा व्यवस्थित ढल तथा सडकमा व्यवस्थित नाली र जल निकासको व्यवस्था गर्ने । |

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम |
|---|---|
| | – सडकको गुणस्तर कायम गर्न अनुगमन प्रभावकारी गराउने<br>– पूर्व पश्चिम लोकमार्ग तथा कर्णाली लोकमार्ग सम्मको पुग्ने सडकको स्तरोन्नतिसहित छिटो सम्पन्न गराउने आवश्यक पहल गर्ने । |
| – व्यवस्थित वस्ती विकास नहुनु<br>– अपर्याप्त सार्वजनिक पूर्वाधार निर्माण<br>– सार्वजनिक पूर्वाधार निर्माणमा गुणस्तर कायम नहुन । | – भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्ने ।<br>– व्यवस्थित वस्ती विकासलाई प्रोत्साहित गर्ने ।<br>– एक वडा एक पार्क र वस्ती जोडिएका मुल सडकमा प्रतिक्षालय निर्माण गर्ने ।<br>– बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि दीर्घकालिन स्वरुपको फोहोर व्यवस्थापन स्थल छनौट गर्ने ।<br>– उपभोक्ता समिति तथा ठेकेदारद्धारा गरिने काममा अनियमितता हुन नदिन अनुगमन र समय सीमा तथा गुणस्तरको सुनिश्चितता गर्ने ।<br>– सार्वजनिक पूर्वाधारको दीगोपनाका लागि स्थानीय समुदायको सहभागितालाई बढाउने । |
| – स्वच्छ उर्जाको उपयोगमा कमी ।<br>– राष्ट्रिय ग्रीडको विद्युत उर्जा उपलब्ध नहुनु । | – स्थानीय खोलाबाट उत्पादन हुन सक्ने लघु तथा साना जल विद्युत उत्पादनका लागि समुदाय तथा लगानीकर्तालाई प्रोत्सहित गर्ने ।<br>– वन क्षेत्रबाट विद्युत लाइन ल्याउने कार्यमा भएको अवरोधलाई सहजिकरण गर्ने ।<br>– स्वच्छ उर्जाको प्रयोगका लागि गोवर ग्यास तथा वायो ब्रिकेटको प्रयोगलाई वढाउने ।<br>– सुधारिएको चुल्हो निर्माण तथा उपयोगका अभियान संचालन गर्ने ।<br>– पानी घट्ट सुधार गरी कुटानी पिसानीका मिलका साथै विद्युत उर्जा उत्पादन गरी उपयोग गर्ने । |
| – आधुनिक सूचना प्रविधिको कम उपयोग हुनु ।<br>– इन्टरनेट तथा टेलिभिजन न्यून जनसङ्ख्याको मात्र पहुँच हुनु । | – सेवा प्रदायक कम्पनीलाई इन्टरनेट तथा टेलिभिजन सेवाको विस्तार गर्न प्रेरित गर्ने ।<br>– मोवाइल सेवाको गुणस्तर कायम गराउन पहल गर्ने ।<br>– खानेपानी, सिंचाई, कृषि तथा पशुजन्य उत्पादन र प्रसोधनमा प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्ने ।<br>– वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थामा वाइफाइ सुविधा उपलब्ध गराउने ।<br>– सवैलाई पाएक पर्ने सार्वजनिक स्थललाई फ्रि वाइफाइ जोनका रुपमा विकास गर्ने ।<br>– सामाजिक संजाल तथा मोवाइल एस एम एसका माध्यमबाट |

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम |
|---|---|
| | कृषि, पशुपालन, बजार मुल्य, विपद्को सम्बन्धमा जानकारी गराउने । |

## २.३.४ वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

वातावरणका क्षेत्रमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव, वनको गुणस्तरमा ह्रास र जलाधार क्षेत्रको संरक्षणमा कमी रहेको छ । विपद् व्यवस्थापनको न्यून क्षमता रहेको यस क्षेत्रमा भूक्षय,जलउत्पन्न प्रकोप तथा महामारीको जोखिम रहेको छ । विपदबाट विगत ३ वर्षमा ३३ जनाको मृत्यु, ५८ घाइतेर रु २ करोड १२ लाख बरावरको सम्पत्ति क्षति भएको देखिन्छ। वन, वातवरण तथा विपद् व्यवस्थापन क्षेत्रका मूख्यमूख्य समस्या र समस्या र समाधानका रणनीति तथा कार्यक्रमलाई तालिका नं.५ मा प्रस्तुत गरिएको छ।

*तालिका नं. ५ : वन, वातावरण र विपद् व्यवस्थापन क्षेत्रका समस्या र समाधानका रणनीति तथा कार्यक्रम*

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम |
|---|---|
| - वनको गुणस्तरमा ह्रास तथा वन फडानी हुनु ।<br>- जैविक विविधतामा ह्रास हुनु ।<br>- जडिवुटीको उत्पादन तथा निर्यात व्यवस्थित नहुनु । | - वन क्षेत्रको अतिक्रमणलाई कानुनी दायरामा ल्याउने<br>- वन क्षेत्रको दिगो व्यवस्थापनका लागि समुदाय तथा वन कार्यालयसँग समन्वय गर्ने ।<br>- खाली रहेको जमिनमा बहु उपयोगी तथा उच्च मुल्यका विरुवा वृक्षारोपण गर्ने ।<br>- खाना पकाउन प्रयोग हुने दाउराको उपयोगलाई स्वच्छ उर्जाको उपयोगलाई प्रोत्साहित गर्ने ।<br>- सामुदायिक वन क्षेत्रमा पशु आहराको लागि उपयोग विरुवा रोप्ने ।<br>- वन डढेलो नियन्त्रणका लागि समुदायको अग्रसरतामा प्रयाप्त अग्नी रेखा तयार गर्ने ।<br>- वन तथा जैविक विविधताको संरक्षणमा स्थानीय युवा क्लव, आमा समुह र सामुदायिक वन उपभोक्ता समितिलाई परिचालन गर्ने ।<br>- जडिवुटीको पहिचान, उत्पादन, संकलन, प्रसोधन र बजारीकरणलाई व्यवस्थित गर्ने ।<br>- जडिवुटी खेतीलाई प्रोत्साहित गर्दै निकासीमा देखिएको समस्यालाई समाधान गर्न सकजिकरण गर्ने । |
| - जलाधार क्षेत्रको उचित संरक्षण हुन नसक्नु ।<br>- भूक्षय तथा जल प्रदुषण बढ्नु । | - जलाधार संरक्षणको लागि समुदाय, अन्य तहको सरकार तथा विकास साझेदार संस्थासँग सहकार्य गर्ने ।<br>- जलाधार क्षेत्रको अतिक्रमण रोक्ने ।<br>- जलाधार क्षेत्रको महत्वसम्बन्धमा स्थानीय समुदायलाई सुसूचित गर्ने । |

| समस्या | समस्या समाधानका रणनीति तथा कार्यक्रम |
|---|---|
| | – सिंचाई तथा खानेपानीको रुपमा उपयोग गर्दा जलिय प्राणीमाथी असर नहुने गरी उपयोग गर्ने ।<br>– पूवार्धार निर्माणमा दिगो विकासको मर्मलाई आत्मसात गर्ने ।<br>– जल प्रदुषण नियन्त्रण गर्न समुदायसँग समन्वय गर्ने । |
